मिति २०८३ साल असोज २७ गते मंगलबार धनकुटा नगरपालिकाका प्रमुख श्री चिन्तन तामाङज्यूको अध्यक्षतामा बसेको नगर कार्यपालिकाको छयालिसौं बैठकबाट देहाय अनुसार निर्णय भयो ।

प्रस्ताव तथा निर्णयहरु

<u>निर्णय नं १</u>

मिति २०८३।०५।२९ गते बसेको नगर कार्यपालिकाको बैठकबाट भएका निर्णयहरूको कार्यान्वयनको अवस्था तथा प्रगतिका सम्बन्धमा समीक्षा गर्दै देहायका विषयमा छलफल गरियो।

- स्थानीय शासन कार्यसम्पादन मूल्याङ्कन सम्बन्धमाः स्थानीय शासन कार्यसम्पादन मूल्याङ्कन (व्यवस्थापन तथा सञ्चालन) कार्यविधि, २०८२ को दफा १४ को उपदफा (१) बमोजिम स्वमूल्याङ्कन समन्वय समितिबाट पेस गरिएको आर्थिक वर्ष २०८२/०८३ को प्रारम्भिक प्रतिवेदनउपर छलफल गरियो। उक्त प्रतिवेदनमा समावेश भएका सम्बन्धित विषयक्षेत्रका सूचकहरूको प्रारम्भिक नतिजा जिल्ला समन्वय समितिमा पठाइएको व्यहोरा जानकारी गराइयो।
- सडक बोर्ड साझेदारीअन्तर्गत सञ्चालित सडक निर्माण आयोजनाको म्याद थप सम्बन्धमाः सडक बोर्डसँगको साझेदारीमा धनकुटा नगरपालिकाका वडा नं. १, ४, ५, ६ र ७ मा सञ्चालित सहरी सडक निर्माण कार्यका लागि निर्माण व्यवसायी घेदुङ निर्माण सेवासँग भएको ठेक्का सम्झौताको म्याद २०८३ साल असोज मसान्तसम्म थप गरिएको व्यहोरा जानकारी गराइयो।
- नेपाल सहरी शासकीय तथा पूर्वाधार आयोजना सम्बन्धमाः नेपाल सहरी शासकीय तथा पूर्वाधार आयोजना अन्तर्गत धनकुटा नगरपालिकामा सञ्चालित हिले (षडेश्वर मन्दिर)—भीरगाउँ—मधुगङ्गा सडक आयोजनाको निर्माण कार्यका लागि निर्माण व्यवसायी आशिष—आशीर्वाद—स्वामीनारायण जे.भी.सँग भएको ठेक्का सम्झौता तथा डीएससी (DSC) को कार्य गर्ने परामर्शदाताको सम्झौताको म्याद २०८३ साल असोज मसान्तसम्म थप गरिएको व्यहोरा जानकारी गराइयो।
- हिले पार्क निर्माण आयोजनाको म्याद थप सम्बन्धमाः धनकुटा नगरपालिका वडा नं. १ मा हिले पार्क निर्माण गर्ने कार्यका लागि निर्माण व्यवसायी शाही कन्स्ट्रक्सन, धनकुटासँग भएको ठेक्का सम्झौताको म्याद २०८३ साल असोज मसान्तसम्म थप गरिएको व्यहोरा जानकारी गराइयो।
- प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन स्वीकृत सम्बन्धमाः धनकुटा नगरपालिका वडा नं. ६ र ९ मा रहेका फुङ्सुवा खोला, धनकुटे खोला, रुदुवा खोला तथा पात्ले खोलासम्बन्धी परामर्शदाताबाट तयार गरी पेस गरिएको प्रारम्भिक वातावरणीय परीक्षण (Initial Environmental Examination—IEE) प्रतिवेदन प्राप्त भएकोले उक्त प्रतिवेदन स्वीकृत गरिएको व्यहोरा जानकारी गराइयो।
- सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण सम्बन्धमाः भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय र सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयसँग सम्बन्धित सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणसम्बन्धी राष्ट्रिय मापदण्ड, २०८२ लागू भइसकेको सन्दर्भमा उक्त मापदण्डको दफा १२ को उपदफा (२) बमोजिम नगरपालिकाको सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदनका आधारमा सङ्गठन संरचना तथा दरबन्दी विवरण स्वीकृतिका लागि तयार गर्ने कार्य भइरहेको व्यहोरा जानकारी गराइयो।
- सामुदायिक भवन प्रयोग शुल्क सम्बन्धमाः धनकुटा नगरपालिकाको स्वामित्वमा रहेको सामुदायिक भवन विभिन्न कार्यक्रम सञ्चालनका लागि सङ्घसंस्था तथा अन्य निकायलाई प्रयोग गर्न दिँदा प्रतिदिन रु. ५,०००।— (अक्षरेपी पाँच हजार रुपैयाँ मात्र) सेवा शुल्क लिने व्यवस्था कार्यान्वयनमा ल्याइएको व्यहोरा जानकारी गराइयो।
- विपद् प्रभावित नागरिकको सहयोगार्थ आर्थिक रकम जम्मा गरिएको सम्बन्धमाः मिति २०८३ साल भदौ १० गते रसुवा जिल्लाको रसुवागढी तथा भोटेकोशी क्षेत्रमा विपद्घाट प्रभावित नागरिकको राहत तथा उद्धार कार्यमा सहयोग पुऱ्याउने उद्देश्यले नगर कार्यपालिकाका सदस्य तथा कर्मचारीहरूबाट रु. १०,७५,३७९।— (अक्षरेपी दश लाख पचहत्तर हजार तीन सय उनासी रुपैयाँ मात्र) र शिक्षक तथा विद्यालय कर्मचारीहरूबाट रु. २२,६४,६१३।— (अक्षरेपी बाइस लाख चौसट्टी हजार छ सय तेह्र रुपैयाँ मात्र) गरी जम्मा रु. ३३,३९,९९२।— (अक्षरेपी तेत्तीस लाख उनन्चालीस हजार नौ सय बयानब्बे रुपैयाँ मात्र) प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा जम्मा गरिएको व्यहोरा जानकारी गराइयो।

निर्णय नं. २

धनकुटा नगरपालिका वडा नं. २ मा अवस्थित मधुगङ्गा धार्मिक पर्यटन विकास संस्थाको परिसरमा तारबार गर्ने कार्यका लागि प्राविधिकबाट तयार गरिएको रु. ४५,१८,०७५।०४ (अक्षरेपी पैंतालीस लाख अठार हजार पचहत्तर रुपैयाँ चार पैसा मात्र) को लागत अनुमान स्वीकृत गरी उक्त कार्यक्रम कोशी प्रदेश सरकारको प्रदेश योजना बैंकमा समावेश गर्न सिफारिस गरिदिन भनी सम्बन्धित संस्थाबाट निवेदन पेस भएकोमा उक्त निवेदनउपर छलफल गर्दा धार्मिक तथा पर्यटकीय क्षेत्रको संरक्षण, व्यवस्थापन र विकासमा सहयोग पुग्ने देखिएकाले पेस भएको लागत अनुमान स्वीकृत गरी उक्त कार्यक्रम प्रदेश योजना बैंकमा समावेश गर्न सम्बन्धित निकायमा सिफारिस गर्ने निर्णय गरियो।

निर्णय नं. ३

स्थानीय शासन कार्यसम्पादन मूल्याङ्कन (व्यवस्थापन तथा सञ्चालन) कार्यविधि, २०८२ को दफा १४ को उपदफा (१) बमोजिम स्वमूल्याङ्कन समन्वय समितिबाट पेस गरिएको आर्थिक वर्ष २०८२/०८३ को प्रारम्भिक प्रतिवेदन जिल्ला समन्वय समितिको कार्यालयमा पठाइएकोमा थप पृष्ठपोषण तथा आवश्यक सुधारका लागि उक्त प्रतिवेदन फिर्ता प्राप्त भएको सम्बन्धमा छलफल गरियो। फिर्ता प्राप्त प्रतिवेदनमा औँल्याइएका विषय तथा सुझावबमोजिम आवश्यक विवरण थप प्रविष्ट गरी संशोधनसहित स्वमूल्याङ्कन समन्वय समितिबाट पेस भएको प्रारम्भिक नतिजा देहायबमोजिम रहेकोले उक्त नतिजा जिल्ला समन्वय समितिको कार्यालयमा पुनः पठाउने निर्णय गरियो।

प्रारम्भिक नतिजा (आ.ब.०८२।०८३)

क्र.सं.	विषय क्षेत्र	कुल अङ्क भार	प्राप्ताङ्क	प्राप्ताङ्क प्रतिशत
१.	सुशासन तथा संस्थागत क्षमता विकास	४०	३५.४	८८.५
२.	सामाजिक विकास	२०	१६.७	८३.६
३.	आर्थिक विकास	२०	१८.८	९३.८
५.	पूर्वाधार विकास	१०	७.९	७९.१
६.	वन, वातावरण तथा विपद व्यवस्थापन	१०	८.२	८२.२
कुल जम्मा		१००	८७.०	८७.०

निर्णय नं. ४

चालु आर्थिक वर्ष २०८३/०८४ मा भौतिक पूर्वाधारतर्फ सञ्चालन गरिने तपसिलमा उल्लिखित योजनाहरूको निर्माण कार्यका लागि आह्वान गरिएको बोलपत्र बोलपत्र मूल्याङ्कन समितिबाट मूल्याङ्कन भइसकेको सम्बन्धमा छलफल गरियो। उक्त योजनाहरूका लागि निर्माण व्यवसायीहरूले पेस गरेका बोलपत्रहरूको प्रचलित सार्वजनिक खरिदसम्बन्धी कानून तथा बोलपत्रसम्बन्धी कागजातमा उल्लिखित प्रावधानबमोजिम मूल्याङ्कन गर्दा तपसिलमा उल्लिखित निर्माण व्यवसायीहरूको कबोल अङ्क (मूल्य अभिवृद्धि कर तथा कन्टिन्जेन्सीबाहेक) औसत मूल्याङ्कित रकमका आधारमा सारभूत रूपमा प्रभावग्राही देखिएको र सम्बन्धित बोलपत्रदाताहरू छनोट प्रक्रियामा सफल भएको मूल्याङ्कन प्रतिवेदनबाट देखिन आएकाले मूल्याङ्कन समितिको सिफारिसबमोजिम सम्बन्धित निर्माण व्यवसायीहरूसँग प्रचलित कानुनबमोजिम ठेक्का सम्झौता गरी निर्माण कार्य अगाडि बढाउने निर्णय गरियो।

क्र. सं.	ठेक्का नं.	योजनाको नाम	बोलपत्रदाताको नाम	कबोल अङ्क	लागत अनुमान भन्दा घटी
१.	Dkt.Mun.083-084-01	हाइड्रो टावर- डुम्रेसान्ने सडक स्तरोन्नती कार्य ध.न.पा. १०	खोकु निर्माण सेवा सहिदभुमी २ धनकुटा	१,४७,१३,७५३.८०	७.१९%
२.	Dkt.Mun.083-084-02	प्रगति चोक- डुम्रेसान्ने सडक स्तरोन्नती कार्य ध.न.पा. १०	अनु एण्ड अभि कन्स्ट्रक्सन प्रा.लि. साँगुरीगढी १ धनकुटा	१,३०,२७,१२२	९.११%
३.	Dkt.Mun.083-084-03	भिरगाउँ मालबाँसे भिरगाएँ सडक स्तरोन्नती कार्य धनकुटा २,३ र ४	झुमतारा पापोहाङ्ग निर्माण सेवा साँगरीगढी १ धनकुटा	८६,३९,०६४.०३	८.४६%

४.	Dkt.Mun.083-084-04	भिरगाउँ ठोका दाहाल चौतारा भिरगाउँ सडक स्तरोन्नती कार्य धनकुटा २,३ र ४	बि.बि. कन्स्ट्रक्सन, धनकुटा ४ धनकुटा	८८,०६,६३२	५.९३%

निर्णय नं. ५

धनकुटा नगरपालिकामा गत आ.व. २०८२/८३ मा सञ्चालित विद्यालय बाहिर रहेका बालबालिकाको पहिचान अभियानबाट पहिचान भएका ३६ जना बालबालिकाको व्यक्तिगत विवरणसहितको प्रोफाइल तयार गरी प्रकाशन गरिएकोमा हालसम्म ११ जना बालबालिका विद्यालय शिक्षाको पहुँचमा आएका छन्। बाँकी रहेका बालबालिकालाई समेत विद्यालय शिक्षाको पहुँचमा ल्याउनुका साथै विद्यालयमा भर्ना भएका विद्यार्थीहरूको निरन्तरता तथा टिकाउ सुनिश्चित गर्न थप सघन शैक्षिक जागरण, अभिभावक सचेतना तथा भर्ना अभियान सञ्चालन गर्नुपर्ने आवश्यकता देखिएको छ।

अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी कानुनी व्यवस्था बमोजिम राज्यले प्रत्येक नागरिकलाई आधारभूत तहसम्मको शिक्षा अनिवार्य तथा निःशुल्क रूपमा उपलब्ध गराउनुपर्ने दायित्व रहेको छ। साथै, तोकिएको समयावधिभित्र आधारभूत उमेर समूहका सबै नागरिकले आधारभूत तहको शिक्षा पूरा गरिसक्नुपर्ने कानुनी व्यवस्थालाई समेत ध्यानमा राखी नगरपालिकामा विद्यालय बाहिर रहेका बालबालिकालाई विद्यालय शिक्षाको पहुँचमा ल्याउने, भर्ना भएका बालबालिकाको निरन्तरता सुनिश्चित गर्ने तथा आधारभूत तहको अनिवार्य र निःशुल्क शिक्षा प्रभावकारी रूपमा कार्यान्वयन गर्ने उद्देश्यले धनकुटा नगरपालिकालाई आगामी २०८४ साल जेठ मसान्तभित्र "आधारभूत तह शिक्षा सुनिश्चित पालिका" घोषणा गर्ने लक्ष्य निर्धारण गरी देहायबमोजिम गर्ने निर्णय गरियो।

तपसिल :

१. विद्यालय बाहिर रहेका पहिचान भएका बालबालिकामध्ये विद्यालयमा भर्ना भएका ११ जना विद्यार्थीलाई विद्यालयमा निरन्तर टिकाइराख्न तथा बाँकी बालबालिकालाई समेत विद्यालय शिक्षाको पहुँचमा ल्याउन नगरपालिका, वडा कार्यालय, विद्यालय, शिक्षक, विद्यालय व्यवस्थापन समिति, अभिभावक तथा सम्बन्धित सरोकारवालाहरूको समन्वय र सहकार्यमा विशेष शैक्षिक जागरण, अभिभावक सचेतना तथा भर्ना अभियान सञ्चालन गर्ने।
२. विद्यालय बाहिर रहेका बालबालिकाको अद्यावधिक विवरण पुनः संकलन तथा प्रमाणीकरण गरी उनीहरूको अवस्था, शैक्षिक आवश्यकता र विद्यालय भर्नाका लागि आवश्यक सहयोगको पहिचान गर्ने तथा सोहीअनुसार लक्षित कार्यक्रम सञ्चालन गर्ने।
३. विद्यालयमा भर्ना भएका विद्यार्थीहरूको नियमित उपस्थिति, सिकाइ निरन्तरता तथा विद्यालय छाड्ने अवस्था न्यूनीकरण गर्न विद्यालय तहबाट आवश्यक विद्यार्थी टिकाउ तथा निरन्तरता कार्यक्रम सञ्चालन गर्ने व्यवस्था मिलाउने।
४. प्रचलित कानुनी व्यवस्थाअनुसार आधारभूत उमेर समूहका सबै बालबालिकाले आधारभूत तहको शिक्षा पूरा गर्ने सुनिश्चितताका लागि २०८४ साल जेठ मसान्तभित्र धनकुटा नगरपालिकालाई "आधारभूत तह शिक्षा सुनिश्चित पालिका" घोषणा गर्ने लक्ष्यअनुसार आवश्यक पूर्वतयारी तथा प्रमाणमा आधारित कार्यसम्पादन अघि बढाउने।
५. स्वीकृत निर्णय तथा कार्ययोजनाबमोजिम आवश्यक अभियान, समन्वय, अनुगमन तथा सहजीकरणका लागि नगरपालिकाका सबै वडा कार्यालय तथा नगर क्षेत्रभित्रका सामुदायिक तथा संस्थागत विद्यालयहरूलाई तत्काल पत्राचार गरी निर्णय कार्यान्वयनमा ल्याउने।

निर्णय नं. ६

आ.व. २०८२/०८३ को सामुदायिक विद्यालयहरुको लेखापरीक्षण गर्नका लागि तपसिल वमोजिमका दर्तावाला लेखापरीक्षकहरुलाई नियुक्ती गरी तपसिल वमोजिमका विद्यालयहरुको लेखापरीक्षणको जिम्मेवारी समेत दिने निर्णय गरियो ।

तपसिलः

क्र.स.	लेखापरीक्षकको नाम	संस्था	विद्यालयको नाम	कै.
१	पदम बहादुर वस्नेत	पदम वस्नेत एण्ड एसोसिएट्स	श्री श्रीमान टंक मावि धनपा-२,भिरगाउँ	
			श्री डिल्ली प्रावि धनपा-२,भिरगाउँ	
२	मातृका प्रसाद नेपाल	एम.पि.एन. एण्ड एसोसिएट्स	श्री आधारभूत विद्यालय उत्तपानी धनपा-१०,उत्तरपानी	

क्र.स.	लेखापरीक्षकको नाम	संस्था	विद्यालयको नाम	कै.
३	घनश्याम श्रेष्ठ	जि.एस.श्रेष्ठ एण्ड एसोसिएटस	श्री मार्गेश्वरी आधारभूत विद्यालय धनपा-४,छारागाउँ	
४	कमल प्रसाद रिजाल	के.पी.रिजाल एण्ड एसोसिएट्स	श्री सल्लेरी प्रा.वि.धनपा-४,कर्मिटार	
५	चन्द्र वहादुर वस्नेत	चन्द्र वहादुर एण्ड एसोसिएट्स	श्री जनता राष्ट्रिय आधारभूत विद्यालय धनपा-८, टेकुनाला	
			श्री चुलीवन प्राबि धनपा-८,चुलिवन	
६	नगेन्द्रप्रसाद लुइटेल	श्री नगेन्द्र लुइटेल एण्ड एसोसिएटस	श्री थानी आधारभूत विद्यालय धनपा-९,गुठिटार	
			श्री सिंहदेवी आधारभूत विद्यालय-९,रुद्रवारी	
७	लोचनप्रसाद दाहाल	एल.पी. दाहाल एण्ड एसोसिटस	श्री देउराली माबि वेलाहरा धनपा-९,वेलहारा	
			श्री कन्यादेवी प्रा.वि. धनपा-९,सावाँवारी	
			श्री अमरज्योती प्रा.वि.धनपा-९,महाङ	
८	सिताराम गौतम	एस.आर.गौतम एण्ड एसोसिएटस	श्री गोकुण्डेश्वर वाल मन्दिर माबि धनपा-५,तल्लोटुँडिखेल	
			श्री बाल्कल्याण प्राबि धनपा-१, वोक्रे	
			श्री वागेश्वरी प्राबि धनपा-६,पात्लेखोला	
९	सुर्दशन घिमिरे	सुर्दशन घिमिरे एण्ड एसोसिएटस	श्री ज्ञानोपार्जन आधारभूत विद्यालय धनपा-२,भिरगाउँ	
१०	उमानाथ अधिकारी	उमानाथ अधिकारी एण्ड एसोसिएटस	श्री सिंहदेवी आधारभूत विद्यालय धनपा-६, खाल्डे	
			श्री वालकल्याण प्राबि धनपा-९, वेलाहरावेंसी	
११	लोकेन्द्र कुवँर	एल.कुँवर एण्ड एसोसिएटस	श्री गोकुण्डेश्वर माबि धनपा-६,सिरानबजार	
			श्री मार्गादेवी प्राबि धनपा-१०, डुम्रेसान्ने	
१२	हरिकृष्ण श्रेष्ठ	हरिकृष्ण एण्ड एसोसिएटस	श्री भाषा माबि धनपा-३,कागते	
			श्री जनता आधारभूत विद्यालय धनपा-३,लाकुरे	
			श्री रत्न सरस्वती प्राबि धनपा-२,भिरगाउँ	
१३	गणेशप्रसाद दाहाल	गणेस पि.दाहाल एण्ड एसोसिएटस	श्री हिले माध्यमिक विद्यालय धनपा-१,हिले	
			श्री धर्मोदय प्राबि धनपा-२,भिरगाउँ	
१४	देवेन्द्र पौडेल	डि.पौडेल एण्ड एसोसिएटस	श्री त्रिवेणी माबि धनपा-७,चुलिवन	
			श्री कौशिका आधारभूत विद्यालय धनपा-९,मुलघाट	
१५	रविन्द्रप्रसाद वस्ती	आर.वस्ती एण्ड एसोसिएट्स	श्री जनकल्याण माध्यमिक विद्यालय धनपा-१०,मार्गा	
			श्री चञ्चलादेवी आधारभूत विद्यालय धनपा-२,हिले	
१६	भिमप्रसाद गुराँगाइ	बि.पि.गुरागाइ एण्ड एसोसिएटस	श्री देउराली माबि धनपा-८, सान्ताङ	
			श्री ज्वालादेवी प्राबि धनपा-३,स्याउले	

निर्णय नं. ७

धनकुटा नगरपालिकाको आ.ब. ०८३/०८४ मा नगरसाभाबाट विनियोजित वजेट तथा कार्यक्रम अन्तर्गतको स्थानीय तर्फको सि.न.१५१ वजेट खर्च शीर्षक नं. २५३११ मार्गेश्वरी प्रा.वि. ध.न.पा. ४- शिक्षण सहयोग अनुदान कार्यक्रममा विनियोजित बजेट बाट श्री मार्गेश्वरी प्राथमिक विद्यालय धनकुटा -४ छारागाउँलाइ शिक्षण सहयोग अनुदान वापत रु. ३,५०,०००/- (अक्षरुपी तिन लाख पचास हजार) मात्र अनुदान दिने निर्णय गरियो।

निर्णय नं. ८

स्थानीय सरकारी सेवाको गठन, सञ्चालन र सेवाका शर्तहरू सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०८० को दफा २७ को उपदफा (४) मा भएको व्यवस्था बमोजिम धनकुटा नगरपालिकाको तह वृद्धि सिफारिस समितिमा वरिष्ठ कर्मचारीको हैसियतमा प्रतिनिधित्व गर्ने सदस्य पद रिक्त रहेको हुँदा उक्त रिक्त पदमा यस नगर कार्यपालिकाको कार्यालयमा कार्यरत वरिष्ठ लेखा अधिकृत श्री नर बहादुर भुजेललाई मनोनयन गर्ने निर्णय गरियो।

निर्णय नं. ९

धनकुटा नगरपालिकाको चालु आ.व. ०८३।०८४ को नगरस्तरीय तथा वडा स्तरीय निम्न योजना तथा कार्यक्रमहरू Sutra प्रणालिमा कार्यक्रम संशोधन गरी कार्यन्वयन गर्ने निर्णय गरियो ।

क्र.सं.	ब.शि.नं.	साविक कार्यक्रमको नाम	संशोधन हुनु पर्ने	रकम	कारण
१	२२५२२	एकता युवा क्लब सामान खरिद वडा नं. ४ (रु. ५००००)	मार्गेश्वरी आधारभुत विद्यालय सुधार कार्यक्रम	२०००००	शैक्षिक सुधारका कार्यक्रममा
२	२२५२२	दलित जेष्ठ नागरिक सम्मन कार्यक्रम वडा नं. ४ (रु. ५००००)			
३	२२५२२	युवा विकास कार्यक्रम खेलकुद सामाग्री खरिद वडा नं. ४ (रु.१,००,०००)			
४	३११५९	क्रियापूत्री भवन निर्माण वडा नं. ८ (रु.१,००,०००)	समुह टहरा निर्माण	१०००००	वडा समितिको निर्णय अनुसार
५	२२५२२	खेलकुद बिकास कार्यक्रम वडा नं. ९ (रु.१,००,०००)	पाथिभरा मन्दिर घेरा बारा बेलहाराबेसी	१०००००	वडा समितिको निर्णय अनुसार
६	२२५२२	कृषकहरुका लागि रासायनिक मल लोड/अनलोडका लागि साझेदारी (रु.३,००,०००)	सामुदायिक कुकुर ब्यवस्थापन	३०००००	सामुदायिक कुकुरका कारण असुरक्षा बढेको हुनाले

निर्णय नं. १०

चालु आ.ब. २०८३/०८४ को विनियोजित योजना तथा कार्यक्रमहरु संचालनका सम्बन्धमा २०८३ मंसिर मसान्त सम्ममा निम्नानुसार कार्य सम्पन्न गर्ने निर्णय गरियो ।

१. संघ तथा प्रदेश सरकारबाट प्राप्त शसर्त र विशेष अनुदान तर्फका कार्यक्रमहरुको सम्झौता गर्ने ।
२. गत आ.ब. २०८२/०८३ बाट दायित्व सरेर आएका दायित्व तर्फका कार्यक्रमहरुको भुक्तानी दिने ।
३. गत आ.ब. २०८२/०८३ मा आन्तरिक स्रोत तर्फ विनियोजन भई जस्ताको तस्तै चालु आ.ब.मा सरेर आएका योजना तथा कार्यक्रमहरुको सम्झौता गर्ने ।

निर्णय नं. ११

निर्माण व्यवसायी माक्लुङ्ग कन्स्ट्रक्सन प्रा. लि., धनकुटा नगरपालिका–८ को कार्य सञ्चालन इजाजतपत्र दर्ता गर्ने सम्बन्धमा यसअघि भएको निर्णय अनुमोदन गर्ने निर्णय गरियो।

निर्णय नं. १२

चालु आर्थिक वर्ष २०८३/०८४ को २०८३ साल भदौ मसान्तसम्मको आय–व्यय विवरण सार्वजनिक गरिएको सम्बन्धमा छलफल हुँदा उक्त विवरण सार्वजनिक गर्ने सम्बन्धमा यसअघि भएको निर्णय अनुमोदन गर्ने निर्णय गरियो।

निर्णय नं. १३

गत आर्थिक वर्ष २०८२/०८३ को स्वीकृत बजेट, नीति तथा कार्यक्रमअन्तर्गत भुक्तानी दायित्व सिर्जना भएका तर चालु आर्थिक वर्ष २०८३/०८४ को बजेट तथा कार्यक्रममा समावेश हुन छुटेका योजना तथा कार्यक्रमहरूका साथै चालु आर्थिक वर्षमा समेत आवश्यकता अनुसार सिर्जना भएका तपसिलबमोजिमका योजना तथा कार्यक्रमहरूलाई बजेट व्यवस्था गरी कार्यान्वयन गर्ने निर्णय गरियो।

क्र.सं.	कार्यक्रम/योजनाको नाम	स्वीकृत रकम	समावेश गर्नुपर्ने कारण
१.	प्रहरी कार्यालय क्यान्टिन निर्माण, नरसिंह कन्ट्रक्शन	७,००,०००	बजेट किताबमा छुट भएको

२.	किरात आठपहरिया बैठक भवन तथा शौचालय निर्माण रु. ५,००,०००. र विभिन्न समूह सामाग्री खरिद रु. १,००,००० (आन्तरिक स्रोत)	६,००,०००	बजेट किताबमा छुट भएको ।
३	वडा कार्यालय व्यवस्थापन वडा नं. ६	१,००,०००	बजेट किताबमा छुट भएको ।
४	कोप्चे महोत्सब सञ्चालन तथा ब्यवस्थापन	३,००,०००	बजेट किताबमा छुट भएको ।
५	नगरका भित्रि सडक सरसफाई तथा जेसिबि लगाई कार्य गरेको, पञ्चलक्ष्मी कन्स्ट्रक्सन एण्ड सप्लायर्स	८,६५,०००	चालु आ.ब. मा दायित्व सिर्जना भएको।

निर्णय नं १४

धनकुटा नगरपालिका वडा नं ८ यात्तेबाट २४ घर स्थानान्तरण गर्नुपर्ने भएको हुनाले चालु आ.ब. को बिशेष अनुदानको स्वीकृत कार्यक्रम सञ्चालन गर्न निम्नानुसारको गुनासो ब्यवस्थापन तथा सहजीकरण समिति गठन गर्ने निर्णय गरियो ।

१. नगर प्रमुख श्री चिन्तन तामाङ -संयोजक
२. उपप्रमुख श्री भीमादेवी खनाल -सदस्य
३. प्रमुख प्रशासकीय अधिकृत श्री भूपेन्द्र सापकोटा -सदस्य
४. वडा नं ८ वडा अध्यक्ष श्री रसबहादुर राई -सदस्य
५. सामाजिक बिकास समिति संयोजक श्री सुरेन्द्र राई -सदस्य
६. बिपद् ब्यवस्थापन सम्पर्क कर्मचारी श्री उपेन्द्र खनाल -सदस्य सचिब

समितिको कार्य विवरण

१. प्राप्त गुनासो तथा उजुरी ब्यवस्थापनका लागि सहजीकरण गर्ने ।
२. समितिले सम्पादन गर्न कार्य प्रकृया आफैले निर्धारण गर्ने
३. बिशेष अनुदान कार्यक्रम सञ्चालन कार्यविधि बमोजिम तोकिएका क्रियाकलाप सञ्चालन गर्ने/गराउने ।

निर्णय नं १५

धनकुटा नगर कार्यपालिकाको कार्यालयबाट मिति २०८३/०६/२६ गते प्रकाशित सूचना अनुसार दोभाषे पदमा करार नियुक्ति सम्बन्धी गरिएका कार्यको अनुमोदन गर्ने ।

निर्णय नं १६

धनकुटा नगरपालिका वडा नं. ६, सल्लेरी स्थित स्यानिटरी ल्यान्डफिल साइटको हाल फोहोरमैला व्यवस्थापन गरिँदै आएको क्षेत्रमा फोहोर भरिइसकेको हुँदा वैकल्पिक क्षेत्रमा फोहरमैला व्यवस्थापन गर्नुपर्ने अवस्था सिर्जना भएको छ। वैकल्पिक क्षेत्रमा रहेको भिरालो जमिनमा सुरक्षित तथा व्यवस्थित रूपमा फोहरमैला व्यवस्थापन गर्न आवश्यक पूर्वाधार निर्माण गर्नुपर्ने भएकाले उक्त पूर्वाधार निर्माणका लागि आवश्यक आर्थिक तथा प्राविधिक सहयोग उपलब्ध गराइदिन सम्बन्धित सङ्घीय तथा प्रदेशस्तरीय निकाय एवं कार्यालयहरूमा अनुरोध गर्ने निर्णय गरियो।

निर्णय नं. १७

धनकुटा नगरपालिका वडा नं. ७ बसपार्क स्थित धनकुटा नगरपालिकाको व्यापारिक भवनको रेखदेख गर्नको लागि तोकिएका श्री सुजित प्रधानलाई धनकुटा नगरपालिकाले सञ्चालन गरेको बसपार्क स्थित पर्यटन सूचना केन्द्रमा रही उक्त केन्द्र र स्तनपान कक्ष नियमित खोल्ने बन्द गर्ने तथा नियमित सरसफाइ समेत गर्ने तथा व्यापारिक भवनको साविककै अनुसारको काम गर्ने गरी जिम्मेवारी तोकी २०८३ साल श्रावण देखि २०८४ साल असार सम्मका लागि करार सेवा नविकरण गर्ने निर्णय गरियो ।

निर्णय नं. १८

धनकुटा नगर कार्यपालिकाको कार्यालय अन्तर्गत फोहरमैला व्यवस्थापन केन्द्रमा सरसफाइककर्मीको रुपमा कार्यरत श्री प्रेमबहादुर भुजेलसँगको करार सम्झौता भङ्ग भएको हुँदा जनशक्ति अभावका कारण नगर भित्रको फोहरमैला संकलन तथा व्यवस्थापनमा समस्या हुने देखिएकोले उक्त पदमा जिल्ला सुनसरी, रामधुनी नगरपालिका वडा नं. ३ स्थायी ठेगाना भएकी श्री मिना भुजेललाई करार सेवामा नियुक्ति दिइ कामकाज लगाउने निर्णय गरियो ।

निर्णय नं. १९

धनकुटा नगर कार्यपालिकाको कार्यालय अन्तर्गत फोहरमैला व्यवस्थापन केन्द्रमा कार्यरत सरसफाईकर्मी श्री माणिकलाल राईले मिति २०८३।०२।१७ गते देखि अनिवार्य अवकाश पाएको । नगर क्षेत्रमा बजार बिस्तार भइरहेको अवस्थामा साविक मौजुदामा रहेको जनशक्तिले मात्र फोहरमैला संकलन तथा व्यवस्थापन गर्न नसकिने भएको उक्त रिक्त स्थानमा धनकुटा नगरपालिका वडा नं. ८ बस्ने श्री मैतीराज राईलाई करार सेवामा लिइ सरसफाईकर्मीले गर्ने कामकाज लगाउने निर्णय गरियो ।

निर्णय नं. २०

धनकुटा नगरपालिकाको चाल आ.व. ०८३।०८४ को बजेट नीति तथा कार्यक्रम पुस्तिकामा वडा नं. २ को कार्यक्रम सि. नं. ३२७, ब.शि.नं. ३११५१, वडा भित्रका सडकहरु सरसफाइ तथा मर्मत सम्भार शिर्षकमा स्वीकृत रकम रु.४,००,००० (चार लाख) आन्तरिक स्रोतमा परेकोले देहाय अनुसार संशोधन गरिदिन कार्यालयबाट माग भइ आएकोले सोही अनुसार कार्यान्वयन गर्ने निर्णय गरियो ।

क. समानीकरण अनुदानमा ल्याउने शिर्षक परिवर्तन

क्र.सं.	योजनाको नाम	ब.शि.नं.	स्वीकृत रकम	संशोधित योजनाको नाम	रकम
३१९	विविध जनजाती लक्षित कार्यक्रम	२२५२२	२,००,०००	वडा भित्रका सडकहरु सरसफाइ तथा मर्मत समानीकरण अनुदान (ब.शि.नं. ३११५१)	२,००,०००
३२१	विपद व्यवस्थापन वडा नं. २	२२५२२	१,००,०००		१,००,०००
३३२	धर्मोदय खोप केन्द्र सञ्चालन	३११५९	१,००,०००		१,००,०००

ख. समानीकरणबाट आन्तरिक स्रोतमा संशोधन गर्ने योजना तथा कार्यक्रम

क्र.सं.	योजनाको नाम	ब.शि.नं.	स्वीकृत रकम	संशोधित योजनाको नाम	रकम
३२७	वडा भित्रका सडकहरु सरसफाइ तथा मर्मत आन्तरिक स्रोत	३११५१	४,००,०००	विविध जनजाती लक्षित कार्यक्रम (२२५२२) आन्तरिक स्रोत	२,००,०००
				विपद व्यवस्थापन वडा नं. २ (२२५२२) आन्तरिक स्रोत	१,००,०००
				धर्मोदय खोप केन्द्र सञ्चालन (३११५९) आन्तरिक स्रोत	१,००,०००